# जग्गा प्राप्ति, मुआब्जा वितरण, लिज र उपयोग सम्बन्धी कार्य तथा प्रतिवेदन

## आ.व. २०८२/०८३

## चौथो त्रैमासिक

नेपाल सरकार

## गृह मन्त्रालय

## जिल्ला प्रशासन कार्यालय, डोटी

प्रमुख जिल्ला अधिकारी

# जग्गा प्राप्ति, मुआब्जा वितरण, लिज र उपयोग सम्बन्धि प्रतिवेदन

१. पृष्ठभूमी

नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका निकायहरुलाई विभिन्न प्रयोजनका लागि आवश्यक पर्ने जग्गाहरुको प्राप्तिका लागि जग्गा प्राप्ति ऐन, २०३४ मा गरिएको व्यवस्था वमोजिम व्यक्तिगत जग्गाहरु अधिग्रहण गरी सम्बन्धित जग्गा धनिहरुलाई क्षतिपुर्ति स्वरुप मुआव्जा उपलब्ध गराई तीनवटै तहका सरकारका निकायहरुको नाममा जग्गा दर्ता कायम गरी सम्बन्धित निकायहरुलाई आवश्यक पर्ने जग्गा उपलब्ध गराइने छ।

२. उद्देश्यः-

- सरकारका निकायहरुलाई आवश्यक पर्ने जगा उपलब्ध गराउनु।
- जग्गा धनिहरुलाई औचित्यपूर्ण मुआव्जा दिइ जग्गा प्राप्त गर्नु।
- नेपाल सरकारले प्रवाह गर्ने सेवा व्यवथित एवं प्रभावकारी सेवा प्रवाहमा सहजता ल्याउनु ।

३. जग्गा अधिग्रहण तथा मुआब्जा निर्धारण सम्बन्धि विवरणः-

नेपाल सरकारका निकायहरुलाई आवश्यक पर्ने जग्गा प्राप्त गर्न जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम जग्गा अधिग्रहण तथा मुआब्जा निर्धारण तथा वितरण सम्बन्धि भए/गरेका कार्यहरु देहाय बमोजिम रहेको छ।

| क्र.स. | जग्गा प्राप्त गर्ने निकाय | प्रयोजन | ठेगाना | आवश्यक क्षेत्रफल (रोपनी) | कैफियत |
|---|---|---|---|---|---|
| १ | नेपाल बिद्युत प्राधिकरण, डोटी | बि.पि.नगर सव स्टेशन बिद्युतिकरण र वितरण प्रणाली सुदृढिकरणका लागि | बडिकेदार गा.पा.वडा नं.१ | १-५-१-१ | जग्गा स्थायीरुपमा अधिग्रहण गर्न २०८३/०३/०४ गते गोरखा पत्रमा सूचना प्रकाशन गरिएको। |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

४. जग्गा मुआव्जा निर्धारण सम्बन्धि गरिएको प्रकृयाः-

- जग्गा मुआव्जा निर्धारण समितिको बैठकबाट जग्गा उपलब्ध गराउने सम्बन्धि सूचना प्रकाशन।
- जग्गा धनिका निवेदन उपर आवश्यक छलफल गरिएको।
- जग्गा प्राप्त गर्न प्रारम्भिक अधिकारी तोकी जग्गा प्राप्ति सम्बन्धि प्रारम्भिक कार्य गरिएको।
- मुआव्जा निर्धारण समितिलाई सहयोग गर्न मिति २०८२/१२/२३ गते मुआव्जा निर्धारण समितको बैठक बसी उपसमितिका संयोजक सरुवा भई रमाना भई सकेकोले पुनः उप-समिति गठन गरेको उपसमितिले जग्गा उपयुक्त छ/छैन, मुआब्जा रकम सम्बन्धमा स्थलगत छलफल, अनुगमन तथा निरिक्षण गरि राय/सुझाब सहितको प्रतिवेदन२०८३/०२/२७ गते पेश गरिएको।
- उपसमितिबाट सिफारिस रकम समेतका आधारमा प्रति रोपनी रु ८,००,००० मुआब्जा निर्धारण गर्ने र प्रस्तावित जग्गाको मुआब्जा निर्धारण भएको सन्दर्भमा सम्बन्धित सरोकारवालालाई जानकारीका लागि राष्ट्रियस्तरको पत्रिकामा सूचना प्रकाशित गर्ने निर्णय समितिले २०८३/०२/२९ गते गरेको र जग्गा अधिग्रहण गर्ने प्रकृयामा रहेको।
-

- ५.उपलब्धिः-
  - जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम विपी नगरमा विद्युतीकरण र वितरण प्रणाली सुदृढीकरणको लागि जग्गा अधिग्रहण गर्न प्रारम्भिक सबै प्रकृया पुरा गरी जग्गा प्राप्ति गर्न मुआव्जा निर्धारण सम्बन्धी कार्य प्रारम्भ गरिएको र साथै सो सम्बन्धी थप कानुनी प्रक्रियाको लागि उप समिति गठन भई सो उपसिमिले पेश गरेको प्रतिवेदका आधारमा मुआब्जा निर्धारण गरी जग्गा स्थायी रुपमा अधिग्रहण गर्न गोरखापत्रमा सूचना समेत प्रकाशन गरिएको ।

| | |
|---|---|
| ............................ | ............................ |
| तयार गर्ने | प्रमाणित गर्ने |
| महेश मल्ल | कल्पना घिमिरे नेपाल |
| खरिदार | प्रमुख जिल्ला अधिकारी |
| जिल्ला प्रशासन कार्यालय, डोटी | जिल्ला प्रशासन कार्यालय, डोटी |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

## मुआब्जा निर्धारण समितिको बैठकको माईन्यूटः

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

आज मिति २०८३/०२/२९ गते शुक्रबारका दिन जिल्ला मुआब्जा निर्धारण समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी श्री कल्पना घिमिरे नेपालज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा मुआब्जा निर्धारण समितिको बैठक बसी देहाय बमोजिमका निर्णय गरियो ।

**उपस्थितिः-**

| | | | |
|---|---|---|---|
| श्री कल्पना घिमिरे नेपाल | प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय, डोटी | -अध्यक्ष |
| श्री भैरव बहादुर साउद | अध्यक्ष | बडिकेदार गाउँपालिका, डोटी | -सदस्य |
| श्री दिपक बहादुर साउद | नि. भूमि प्रशासन अधिकृत | मालपोत कार्यालय, डोटी | -सदस्य |
| श्री नवल किशोर गोईत | आ.प्र. | वितरण प्रणाली सुदृढीकरण तथा विस्तार आयोजना | -सदस्य |

**आमन्त्रितः-**

| | | |
|---|---|---|
| श्री चन्द्रराज जोशी | जि.न्या. | जिल्ला सरकारी वकिलको कार्यालय, डोटी |
| श्री सागर बोहरा | प्र.उ. | जिल्ला प्रहरी कार्यालय, डोटी |
| श्री शेर बहादुर विष्ट | प्रमुख कोष नियन्त्रक | कोष तथा लेखा नियन्त्रक कार्यालय, डोटी |
| श्री विष्णु प्रसाद आचार्य | उ.नि. (लेखा प्रमुख) | वितरण प्रणाली सुदृढीकरण तथा विस्तार आयोजना |
| श्री प्रकाशराज ढकाल | प्र.अ. | नेपाल विद्युत प्राधिकरण |
| श्री सत्य नारायण शाह | वितरण प्रमुख | ने.वि.प्रा. वितरण केन्द्र दिपायल |
| श्री जित बहादुर राना | प्रशासकीय अधिकृत | जिल्ला प्रशासन कार्यालय, डोटी |
| श्री हिक्मत बोहरा | नि.कार्यालय प्रमुख | नापी कार्यालय, डोटी |
| श्री मिन बहादुर बोहरा | ना.सु. | जिल्ला प्रशासन कार्यालय, डोटी |

**निर्णयहरुः-**

१. वि.पि.नगरमा विद्युतीकरण र वितरण प्रणाली सुदृढिकरणको लागि थप जग्गा प्राप्ती गर्ने सम्बन्धमा जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३ बमोजिमको बडिकेदार गाउँपालिका वडा नं.१ (साविक बर्छेन गा.वि.स.वडा नं.९) वि.पि.नगरमा सवस्टेशनका लागि साविक सवस्टेशनसँगै जोडिएको कि.नं.१२४३, क्षेत्रफल १-५-१-१ भएको दान सिं बोहोराको जग्गा प्राप्त गर्ने सम्बन्धमा मिति २०८२/१२/२३ गते मुआब्जा निर्धारण समितिको बैठकबाट जग्गाको मुआब्जा निर्धारण गर्ने सम्बन्धमा अध्ययन गरी राय सहित उपर्युक्त मुआब्जा निर्धारणको लागि प्रतिवेदन पेश गर्न जिल्ला प्रशासन कार्यालय डोटीका प्रशासकीय अधिकृत श्री जित बहादुर रानाको संयोजकत्वमा ६ सदस्यीय उपसमिति गठन गरिएको र

कल्पना घिमिरे
प्रमुख जिल्ला अधिकारी



प्रमुख जिल्ला अधिकारी

गठित उपसमितिले मालपोत कार्यालय डोटीबाट चालु आ.व.२०८२/०८३ को लागी निर्धारित न्यूनतम मुल्याङ्कनदर, सो क्षेत्रमा चलेको बैङ्किक कारोबार र आसपासका क्षेत्रमा जग्गाको चलन चल्तीको मुल्य लगायतका विषय समेतको स्थलगत रुपमा विस्तृत अध्ययन गरी मुआब्जा निर्धारणका लागि गठित उपसमितिबाट समितिलाई रु.८,००,००० (आठ लाख रुपैया मात्र) सिफारिस गरिएकोले उक्त प्रतिवेदनको सिफारिसको सम्बन्धमा समितिमा बृहत छलफल भई उक्त सिफारिस रकम समेतका आधारमा प्रति रोपनी रु.८,००,०००(आठ लाख रुपैया मात्र) मुआब्जा निर्धारण गर्ने निर्णय गरियो ।

२. प्रस्तावित जग्गाको मुआब्जा निर्धारण भएको सन्दर्भमा सम्बन्धित सरोकारवालालाई जानकारी गराउन जग्गा प्राप्ति ऐन, २०३४ को दफा १८ प्रयोजनार्थ राष्ट्रियस्तरको पत्रिकामा सूचना प्रकाशित गर्ने निर्णय गरियो।

३. सरोकारवालाबाट १५ दिनसम्ममा उजुरी प्राप्त नभएमा तत् पश्चात सम्बन्धित जग्गा धनीको नाममा रहेको जग्गा नेपाल विद्युत प्राधिकरणको नाममा दाखिल गर्न भूमि प्रशासन कार्यालय, डोटीलाईपत्राचार गर्ने निर्णय गरियो । साथै दाखिला खारेज प्रयोजनार्थ तोकिएको निर्धारित मुआब्जा रकम जिल्ला प्रशासन कार्यालय, डोटीको नाममा कोष तथा लेखा नियन्त्रक कार्यालयको खातामा उपलब्ध गराउन सम्बन्धित आयोजनालाई पत्राचार गर्ने निर्णय भयो।

कल्पना घिमिरे नेपाल
प्रमुख जिल्ला अधिकारी



प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

आज मिति २०८२/१२/२३ गतेका दिन नेपाल विद्युत प्राधिकरण, डोटीले ३३/११ के.भि.सवस्टेशन निर्माणका लागि डोटी जिल्ला साविक बर्छेन गा.वि.स. वडा नं.९ हाल बडिकेदार गाउँपालिका वडा नं.१ विपिनगरमा विघुतीकरण र वितरण प्रणाली सुदृढिकरणको लागि थप जग्गा प्रासी गर्ने सम्बन्धमा जग्गा प्राप्ति ऐन,२०३४ को दफा १३ बमोजिमको मुआव्जा निर्धारण समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी श्री कल्पना घिमिरे नेपालज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा मुआव्जा निर्धारण समितिको बैठक बसी देहाय बमोजिमका निर्णय गरियो ।

उपस्थितिः-

| | | | |
|---|---|---|---|
| श्री कल्पना घिमिरे नेपाल | प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय, डोटी | -अध्यक्ष |
| श्री दिपक बहादुर साउद | नि. मालपोत अधिकृत | मालपोत कार्यालय, डोटी | -सदस्य |
| श्री सत्य नारायण शाह | वितरण प्रमुख | ने.वि.प्रा. वितरण केन्द्र दिपायल | -सदस्य |
| श्री पुष्पराज भट्ट | ना.सु. | जिल्ला समन्वय समिति, डोटी | -सदस्य |

आमन्त्रितः-

| | | |
|---|---|---|
| श्री महेन्द्र नेपाल | प्रहरी उपरीक्षक | जिल्ला प्रहरी कार्यालय, डोटी |
| श्री शेर बहादुर विष्ट | प्रमुख कोष नियन्त्रक | कोष तथा लेखा नियन्त्रक कार्यालय, डोटी |
| श्री जित बहादुर राना | प्रशासकीय अधिकृत | जिल्ला प्रशासन कार्यालय, डोटी |
| श्री हिक्मत बोहरा | नि.कार्यालय प्रमुख | नापी कार्यालय, डोटी |
| श्री मिन बहादुर बोहरा | ना.सु. | जिल्ला प्रशासन कार्यालय, डोटी |

निर्णयहरुः-

१. वि.पि.नगरमा विद्युतीकरण र वितरण प्रणाली सुदृढिकरणको लागि थप जग्गा प्रासी गर्ने सम्बन्धमा जग्गा प्राप्ति ऐन,२०३४ को दफा १३ बमोजिमको बडिकेदार गाउँपालिका वडा नं.१ (साविक वर्छेन गा.वि.स.वडा नं.९) वि.पि.नगरमा सवस्टेशनका लागि साविक सवस्टेशनसँगै जोडिएको कि.नं.१२४३, क्षेत्रफल १-५-१-१ भएको दान सिं बोहोराको जग्गा प्राप्त गर्ने सम्बन्धमा मिति २०८२/०९/२४ गते मुआव्जा निर्धारण समितिको बैठकबाट जग्गाको मुआव्जा निर्धारण गर्ने सम्बन्धमा अध्ययन गरी राय सहित उपर्युक्त मुआव्जा निर्धारणको लागि सिफारिस पेश गर्न जिल्ला प्रशासन कार्यालय डोटीका प्रशासकीय अधिकृत श्री भोज बहादुर ऐडीकोको संयोजकत्वमा ६ सदस्यीय उपसमिति गठन गरिएकोमा

प्रमुख जिल्ला अधिकारी



प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

कार्य सुरु नगरी नै उपसमितिको संयोजक सरुवा भई रमाना समेत भई सकेकोले पुनः यस कार्यालयका प्रशासकीय अधिकृत श्री जित वहादुर रानाको संयोजकत्वमा देहाय बमोजिमको मुआब्जा निर्धारण सिफारिस उपसमिति गठन गर्ने निर्णय गरियो।

देहायः-

| | |
|---|---|
| १.जिल्ला प्रशासन कार्यालय, डोटीको प्रशासकीय अधिकृत | -संयोजक |
| २.मालपोत कार्यालय, डोटीको प्रतिनिधि | -सदस्य |
| ३.कोष तथा लेखा नियन्त्रक कार्यालय, डोटीको प्रतिनिधि | -सदस्य |
| ४.नापी कार्यालय, डोटीको प्रतिनिधि | -सदस्य |
| ५.बडिकेदार गाउँपालिका, डोटीको प्रतिनिधि | -सदस्य |
| ६.नेपाल विद्युत प्राधिकरण डोटी वितरण केन्द्र, डोटी शाखा प्रमुख प्रतिनिधि | -सदस्य सचिव |

प्रमुख जिल्ला अधिकारी



प्रमुख जिल्ला अधिकारी